# स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९, भाग २, संख्या ११, मिति २०८२ चैत्र २१ गते

## भाग- २

## बौदीकाली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**बौदीकाली गाउँपालिकाको शिक्षकलाई साझेदारीमा ल्यापटप अनुदान वितरण कार्यविधि, २०८२**

**१. प्रस्तावना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुन बमोजिम शिक्षण सिकाइ प्रक्रियालाई प्रविधिमैत्री बनाइ सिकाइ उपलब्धि वृद्धि गर्न, शिक्षकहरुलाई प्रोत्साहन गर्न यो कार्यविधि जारी गरिएको हो।

**२. उद्देश्य :**

- शिक्षकको डिजिटल क्षमता अभिवृद्धि गर्ने।
- प्रविधिमैत्री शिक्षण सिकाइ प्रणाली विकास गर्ने।
- ई-लर्निङ तथा अनलाइन शिक्षण प्रवर्द्धन गर्ने।

**३. अनुदान प्राप्त गर्न आवश्यक योग्यता :**

- कम्तीमा १ वर्ष गाउँपालिका अन्तर्गतको सामुदायिक विद्यालयमा सेवा गरेको हुनुपर्ने।
- प्र.अ को हकमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र शिक्षकको हकमा प्र.अ ले सिफारिस गरेको हुनुपर्ने ।
- ICT को ज्ञान भएको तथा शिक्षण सिकाइमा प्रविधिको प्रयोग गर्न रुची भएको हुनुपर्ने।
- यस भन्दा अघि यस प्रकारको सुविधा नलिएको हुनुपर्ने।
- तोकिएको स्पेसिफिकेसन अनुसारको ल्यापटप खरिदको लागि व्यक्तिगत रुपमा साझेदारी गर्न प्रतिबद्ध भएको हुनुपर्ने।
- ल्यापटप प्राप्त गरेपछि कम्तिमा एक बर्ष गाउँपालिका अन्तर्गतको विद्यालयमा सेवा गर्ने प्रतिबद्धता गर्नुपर्ने ।

**४. अनुदान व्यवस्था :**

- ल्यापटप खरिदको लागि गाउँपालिकाले अधिकतम २५% वा रु. २५,००० हजार सम्म अनुदान दिन सक्नेछ।
- बाँकी रकम शिक्षकले व्यहोर्नुपर्नेछ।

**५. आवेदन तथा छनोट :**

- गाउँपालिकाले साझेदारीमा ल्यापटप खरिदको लागि माग संकलन गर्न सार्बजनिक सूचना प्रकाशित गर्नेछ।
- प्राप्त निवेदनहरुको अध्ययन गरी विनियोजित बजेट समेत लाई ध्यान दिइ गाउँ शिक्षा समितिबाट शिक्षकहरु छनोट गरिनेछ ।
- आवश्यक भन्दा धेरै संख्यामा निवेदन परेको खण्डमा शिक्षक छनोट गर्दा नियुक्ति मितिको हिसाबले जेष्ठ र प्रविधिको उच्चतम प्रयोग गर्न सक्ने उम्मेदवारलाई प्राथमिकता दिनुपर्नेछ ।

**६. खरिद तथा भुक्तानि प्रक्रियाः**

- गाउँपालिकाबाट ल्यापटपको लागि छनोट भए प्रश्चात शिक्षकले पालिकामा सम्झौता गर्नुपर्नेछ ।
- सम्झौता प्रश्चात गाउँपालिकाले तोकेको स्पेसिफिकेसन अनुसारको ल्यापटप सम्बन्धित शिक्षकले खरिद गरी बिल भरपाई र कार्यरत विद्यालयको सीफारिस सहित अनुदानको लागि गाउँपालिकामा माग गर्नुपर्नेछ ।
- तोकिएको स्पेसिफिकेसन अनुसारको ल्यापटप खरिद गरेको सुनिश्चित भए प्रश्चात विद्यालयको सिफारिस अनुसार सम्बन्धित शिक्षकको खातामा गाउँपालिकाबाट रकम जम्मा गरिनेछ ।

**७. उपयोग :**

- ल्यापटप शिक्षण सिकाइमा उच्चतम प्रयोग गर्नुपर्नेछ ।सोको प्रयोग भए नभएको विषयमा हरेक दुई महिनामा सम्बन्धित शिक्षकले प्र.अ लाई र प्र.अ ले शिक्षा शाखामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**७. अनुदान फिर्ता गर्नुपर्ने :**

- कुनै शिक्षकले ल्यापटप शिक्षण सिकाइमा प्रयोग नगरी अन्य प्रयोजनमा मात्र प्रयोग गरेको भन्ने पुष्टि भएमा गाउँपालिकाबाट प्राप्त अनुदान बराबरको रकम गाउँपालिकामा फिर्ता गर्नुपर्नेछ ।
- ल्यापटप प्राप्त गरिसकेपछि एक बर्ष अगावै गाउँपालिका अन्तर्गतको विद्यालयमा सेवा नगरेको खण्डमा अनुदान फिर्ता गर्नुपर्नेछ । तर तल्लो तहमा कार्यरत शिक्षक माथिल्लो तहको लागि सिफारिस भइ अन्यन्त्र जानुपरेको खण्डमा तथा नियमानुसार शिक्षकको अन्य विद्यालयमा सरुवा भएमा अनुदान फिर्ता गर्नुपर्ने छैन ।

आज्ञाले,
राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका

**प्रमाणीकरण मिति : २०८२/१२/२१**